# प्रदेश नं. १ निजी तथा साझेदारी फर्म दर्ता नियमावली, २०७८

स्वीकृत मितिः
पहिलो संशोधन मितिः २०७९/१२/०१

प्रदेश नं. १ निजी तथा साझेदारी फर्म दर्ता ऐन, २०७७ को दफा ४८ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले देहायका नियमहरु वनाएको छ।

परिच्छेद-१
प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरुको नाम "**प्रदेश नं. १निजी तथा साझेदारीफर्म दर्ता नियमावली**, २०७८" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "**अनुमतिको प्रमाणपत्र**" भन्नाले ऐन तथा यस नियमावली वमोजिम दर्ता भएको फर्मलाई दर्ता प्रमाणपत्रमा उद्देश्य थप नगरी तोकिएको उद्देश्यमा भन्दा फरक प्रकृतिको व्यापार व्यवसाय गर्न सम्वन्धित निकायले प्रदान गरेको अनुमति पत्र सम्झनुपर्छ।

(ख) "**ऐन**" भन्नाले प्रदेश नं. १ निजी तथा साझेदारी फर्म दर्ता ऐन, २०७७ सम्झनुपर्छ।

(ग) "**दरखास्तवाला**" भन्नाले प्रदेशमा फर्म दर्ता गरी व्यापार व्यवसाय गर्न सम्वन्धित निकाय समक्ष दरखास्त पेश गर्नेव्यक्तिलाई सम्झनुपर्छ।

📖(घ) "**मन्त्रालय**" भन्नाले कोशी प्रदेशको उद्योग विषय हेर्ने मन्त्रालय सम्झनुपर्छ।

✂(ङ) ...............................................

◆(च) "**सम्वन्धित निकाय**" भन्नाले अधिकृत पूँजीका आधारमा फर्म सम्वन्धी कार्य गर्न नियम ३ बमोजिमको मन्त्रालय वा सम्वन्धित जिल्लाको घरेलु तथा साना उद्योग कार्यालय वा सम्वन्धित स्थानीय तह सम्झनुपर्छ।

(छ) "**स्थानीय तह**" भन्नाले गाउँपालिका वा नगरपालिकालाई सम्झनुपर्छ।

परिच्छेद -२

📖 कोशी प्रदेश निजी तथा साझेदारी फर्म दर्ता (पहिलो संशोधन) नियमावली, २०७९ द्वारा संशोधित।
✂ कोशी प्रदेश निजी तथा साझेदारी फर्म दर्ता (पहिलो संशोधन) नियमावली, २०७९ द्वारा खारेज गरिएको।
◆ कोशी प्रदेश निजी तथा साझेदारी फर्म दर्ता (पहिलो संशोधन) नियमावली, २०७९ द्वारा संशोधित।

## <u>फर्म दर्ता तथानियमन सम्वन्धी व्यवस्था</u>

३. **<u>फर्म सम्वन्धी कार्य गर्ने निकाय:</u>**(१) ऐन बमोजिम पन्ध्रकरोड रुपैयाँ सम्म अधिकृत पूँजी भएको फर्मको कार्य सम्वन्धित जिल्लाको घरेलु तथा साना उद्योग कार्यालयले गर्नेछ ।

✂(२) ......................................................

🕮(३) <u>पन्ध्र करोड रुपैंया भन्दा बढी अधिकृत पूँजी भएको फर्मको दर्ता मन्त्रालयको उद्योग सम्बन्धी विषय हेर्ने महाशाखाले गर्नेछ।</u>

(४) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पाँच लाख रुपैयाँ सम्म अधिकृत पूँजी भएको फर्मको दर्ता सम्वन्धित स्थानीय तहमा गर्न सकिनेछ ।

४. **<u>फर्म दर्ता गर्न दरखास्त दिनुपर्ने:</u>**(१) प्रदेशमाफर्म दर्ता गराउन चाहने निजी व्यक्ति वा साझेदारलेएकसय रुपैयाँ दरखास्त दस्तुर सहित अनुसूची-१ बमोजिमको ढाँचामा सम्वन्धित निकाय समक्ष दरखास्त दिनु पर्नेछ।

(२) प्रदेशमा निजी फर्मको रुपमा फर्म दर्ता गराउन चाहने निजी व्यक्तिले उपनियम (१) बमोजिमको दरखास्त साथ निम्नकागजात संलग्न गर्नु पर्नेछः-

(क) फर्मको नाम र फर्म रहने स्थानको ठेगाना,

(ख) अनुसूची-२ बमोजिमको कबुलियतनामा,

(ग) फर्मको उद्देश्य तथा फर्मले कारोबार गर्ने वस्तु तथा सेवाको विवरण सहितको अनुसूची-३ बमोजिमको व्यवसायिक योजना,

(घ) बाबुआमा, बाजेबज्यै र श्रीमान/श्रीमतिको नाम खुल्ने गरी फर्म धनीको नाम र ठेगाना,

(ङ) दरखास्तवालाको नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र पासपोर्ट साइजको तीन प्रति फोटो,

(च) उद्योग संचालन गर्ने फर्मको कार्यालय स्थापना हुने सम्वन्धित स्थानीय तहको सक्कल सिफारिस (सम्वन्धित स्थानीय तहमा दर्ता हुने फर्मको हकमा लागू नहुने),

(छ) उद्योग संचालन गर्ने फर्मको हकमा सम्बन्धित स्थानीय तहबाट प्रमाणित भएको वडा सर्जमिन मुचुल्का,

---

✂ कोशी प्रदेश निजी तथा साझेदारी फर्म दर्ता (पहिलो संशोधन) नियमावली, २०७९ द्वारा खारेज गरिएको।

🕮 कोशी प्रदेश निजी तथा साझेदारी फर्म दर्ता (पहिलो संशोधन) नियमावली, २०७९ द्वारा संशोधित।

(ज) जग्गाधनी पूर्जा (घर तथा जग्गा आफ्नो नाममा नभई एकाघरको भएमा मञ्जुरीनामा, एकाघर बाहिरको भएमा घर तथा जग्गा भाडाको सम्झौता र मालपोत तिरो तिरेको रसिद,

(झ) मनि चेन्जर र मनि ट्रान्सफरको कारोबार गर्ने फर्मको लागि नेपाल राष्ट्र बैंकको सक्कलस्वीकृति पत्र,

(ञ) औषधीको कारोबार गर्ने फर्मको लागि संघीय औषधी ब्यवस्था विभागको सक्कल सिफारिस वा अनुमतिपत्र,

(ट) विषादीजन्य व्यवसाय दर्ताको लागि विषादीजन्य व्यवसायको लागि अनुमति दिनेनिकायको सिफारिस र अनुमति पत्र,

(ठ) खाद्यसँग सम्वन्धित भएमा खाद्य तथा गुण नियन्त्रण कार्यालयको सहमति पत्र,

(ड) प्रचलित कानून बमोजिम निजी फर्म दर्ताको लागि अन्य निकायको सिफारिस वा अनुमति पत्र लिनु पर्ने भए त्यस्तो अनुमति वा सिफारिस पत्रर

(ढ) सम्वन्धित निकायले खुलाउनु पर्ने भनी तोकेको अन्य कागजात ।

(३) प्रदेशमा साझेदारी फर्म दर्ता गराउन चाहने साझेदारले उपनियम (१) बमोजिम दरखास्त दिदाँदेहायको विवरण र कागजात संलग्न गर्नु पर्नेछः-

(क) फर्मको पूरा नाम,

(ख) अनुसूची-२ बमोजिमको कबुलियतनामा,

(ग) फर्मको कारोवार गर्ने मूख्य ठेगाना,

(घ) फर्म स्थापना हुने स्थानीय तहको कार्यालयबाट प्रमाणित भएको साझेदारको आपसी सम्झौता वा करार पत्रको प्रमाणित प्रतिलिपि (३ प्रति नेपाली कागजमा),

(ङ) फर्मले कारोबार गर्ने वस्तु वा सेवाको छोटकरी विवरण, फर्मको उद्देश्य सहितको अनुसूची-३ बमोजिमको व्यवसायिक योजना,

(च) साझेदार वा साझेदारको पूरा नाम, थर, स्थायी ठेगाना र हालसालै खिचिएको तीन/तीन प्रति पासपोर्ट साइजको फोटो,

(छ) साझेदारको नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(ज) साझेदारको किसिम र प्रत्येक साझेदारले लगाएको वा लगाउने पूँजीको हिस्सा,

(झ) नाफा नोक्सान वितरणको प्रकृया,

(ञ) कुनै साझेदारको अधिकार उपर बन्देज लगाएको भए सो कुरा,

(ट) उद्योग संचालन गर्ने फर्मको हकमा सम्बन्धित स्थानीय तहबाट प्रमाणित भएको वडा सर्जमिन मुचुल्का,

(ठ) उद्योग संचालन गर्ने फर्मको हकमा सम्वन्धित स्थानीय तहको सक्कल सिफारिस पत्र (सम्वन्धित स्थानीय तहमा दर्ता हुने फर्मको हकमा लागू नहुने),

(ड) जग्गाधनी पूर्जा (घर तथा जग्गा आफ्नो नाममा नभई एकाघरको नाममा भएमा मञ्जुरीनामा, एकाघर बाहिरको भएमा घर तथा जग्गा भाडाको सम्झौता र मालपोत तिरो तिरेको रसिद,

(ढ) मनि चेन्जर र मनि ट्रान्सफर कारोबार गर्ने फर्मको लागि नेपाल राष्ट्र बैंकको सक्कल स्वीकृति पत्र,

(ण) औषधीको कारोबार गर्ने फर्मको लागि संघीय औषधी व्यवस्था विभागको सक्कल सिफारिस वा अनुमति पत्र,

(त) विषादीजन्य व्यवसाय दर्ताको लागि विषादीजन्य व्यवसायको लागि अनुमति दिने निकायको सिफारिस र अनुमति पत्र,

(थ) खाद्यसँग सम्वन्धित भएमा खाद्य तथा गुण नियन्त्रण कार्यालयको सहमति पत्र,

(द) प्रचलित कानून बमोजिम साझेदारी फर्म दर्ताको लागि अन्य निकायको सिफारिस वा अनुमति पत्र लिनु पर्ने भए त्यस्तो अनुमति वा सिफारिस पत्र र

(ध) सम्वन्धित निकायले खुलाउनु पर्ने भनी तोकेकोअन्यकागजात।

५. <u>फर्मलाई रुपान्तरण गर्न दरखास्त दिनुपर्ने:</u>(१) प्रदेशमा कुनै पनि फर्मको रुपमा दर्ता भएका निजी फर्मले साझेदारी फर्ममा र साझेदारी फर्मले निजी फर्ममा रुपान्तरण गराउन चाहेमा एकसय रुपैयाँ दरखास्त दस्तुर सहित अनुसूची-४ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ ।

(२) प्रदेशमा निजी फर्मको रुपमा दर्ता भएको फर्मले उक्त फर्मलाई साझेदारी फर्ममा रुपान्तरण गराउँदा देहायका विवरण र कागजात संलग्न गर्नु पर्नेछः-

(क) फर्म दर्ताको सक्कल प्रमाणपत्र,

(ख) आन्तरिक राजस्व कार्यालयको सहमति पत्र,

(ग) साझेदारवीच भएको सम्झौताको प्रमाणित प्रतिलिपि,

(घ) साझेदारको हिस्साको अंक र

(ङ) साझेदारहरुको तीन पुस्ता नाम, थर र वतनको विवरण ।

(३) प्रदेशमा साझेदारी फर्मको रुपमा दर्ता भएको फर्मले उक्त फर्मलाई निजी फर्ममा रुपान्तरण गराउँदा देहायका विवरण र कागजात संलग्न गर्नु पर्नेछः-

(क) फर्म दर्ताको सक्कल प्रमाणपत्र,

(ख) साझेदारवीच भएको सम्झौताको प्रमाणित प्रतिलिपि,

(ग) आन्तरिक राजस्व कार्यालयको सहमति पत्र,

(घ) साझेदारले गरेको कारोबारको हिसाव मिलान भएको प्रमाणित कागज,

(ङ) साझेदारी आफू साझेदारी फर्ममा रहँदा आफूले तिर्न बुझाउन बाँकी नरहेको र प्रचलित कानून बमोजिम फर्म रुपान्तरण गर्न अयोग्य नरहेको स्वघोषणा पत्र र

(च) साझेदारको तीन पुस्ता नाम, थर र वतनको विवरण ।

(४) कुनै पनि फर्मले पूँजी बृद्धि वा कारोबार थपघट गरी फर्मलाई रुपान्तरण गर्न चाहेमा फर्मको हालको पूँजी अनुसार लाग्ने दस्तुरमा साविकको पूँजी अनुसार बुझाएको दस्तुर कट्टा गरी बाँकी हुन आउने दस्तुर बुझाउनु पर्नेछ ।

(५) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि फर्म दर्ता भएको तीन वर्ष अवधि पूरा नभई फर्मलाई रुपान्तरण गरिने छैन ।

६. <u>प्रमाणपत्र दिनुपर्ने</u>:(१) नियम४बमोजिम कसैको दरखास्त प्राप्त भएमा सम्वन्धित निकायले जाँचबुझ गर्दा ऐनको दफा ५ को उपदफा (२) बमोजिम थप विवरण वा कागजात पेश गर्नुपर्ने अवस्था नरहेमा तथा ऐनको दफा ६ को उपदफा (१) बमोजिम फर्म दर्ता गर्न इन्कार गर्नुपर्ने अवस्था नरहेमा फर्म दर्ताको लागि ऐनको अनुसूची-१ मा उल्लेख भएबमोजिमको दर्ता दस्तुर बैंकमा जम्मा गर्न लगाई सोको सक्कल भौचर संलग्न गरी वा नगदै बुझीव्यवसाय प्रारम्भ गर्नुपर्ने शर्त र अवधि तथा ऐनको दफा ५ को उपदफा (३) मा उल्लेखित विवरण समेत समावेश गरी अनुसूची-५बमोजिमको ढाँचामा दरखास्तवालालाई प्रमाणपत्र दिनुपर्नेछ।

(२) नियम ५ बमोजिम फर्म रुपान्तरणको लागि दर्ता भएको फर्मको दरखास्त पर्न आएमा सम्वन्धित निकायले ऐनको दफा ४ को उपदफा (६) बमोजिम रुपान्तरण गरी प्रमाणपत्र दस्तुर बापत एक हजार रुपैयाँ बैंकमा जम्मा गर्न लगाई सोको सक्कल भौचर राखी वा नगदै बुझी अनुसूची-५ बमोजिमको ढाँचामा फर्मलाई नयाँ प्रमाणपत्र दिनु पर्नेछ ।

(३) ऐनको दफा ४२ तथा नियम ३ को उपनियम (४) बमोजिम सम्वन्धित स्थानीय तहमा दर्ता भएका फर्मको विवरण सम्वन्धित स्थानीय तहले चौमासिक रुपमा सम्वन्धित जिल्लाको घरेलु तथा साना उद्योग कार्यालयमा पठाउनु पर्नेछ ।

७. <u>अनुमति लिनुपर्ने</u>:फर्मको उद्देश्य थप नगरी एक पटकका लागि थप एकव्यवसाय सञ्चालन गर्न चाहने फर्मले अनुमति लिनका लागि फर्मले देहायको विवरण र कागजात संलग्न गरी दरखास्त दस्तुर वापत एकसय रुपैयाँ सहित अनुसूची-६ बमोजिमको ढाँचामा सम्वन्धित निकाय समक्ष दरखास्त दिनुपर्नेछः

(क) अनुमति लिई फर्मले कारोवार गर्ने मूख्य ठेगाना,

(ख) फर्मले कारोवार गर्ने स्थानीय तहको सक्कल सिफारिस पत्र (सम्वन्धित स्थानीय तहमा दर्ता हुने फर्मको हकमा लागू नहुने),

(ग) फर्मले काम गर्न चाहेको वस्तु वा सेवाको छोटकरी विवरण,

(घ) फर्म दर्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(ङ) कारोवारको प्रकृति अनुसार अन्य कार्यालयबाट अनुमति, इजाजत वा स्वीकृति पत्र लिनुपर्ने भए सो समेत र

(च) सम्वन्धित निकायले खुलाउनु पर्ने भनी तोकिदिएको अन्य कुनै कागजात।

८. <u>अनुमतिको प्रमाणपत्र दिनुपर्ने</u>:नियम ७ को उपनियम (१) बमोजिमको दरखास्त प्राप्त भएमा सम्वन्धित निकायले जाँचबुझ गर्दा ऐनको दफा ८ को उपदफा (२) बमोजिम थप विवरण वा कागजात पेश गर्नुपर्ने अवस्था नरहेमा तथा ऐनको दफा ९ को उपदफा (१) बमोजिम अनुमति प्रदान गर्न इन्कार गर्नुपर्ने अवस्था नरहेमा अनुमति दस्तुर वापत दर्ता दस्तुरको आधा रकम बैंकमा जम्मा गर्न लगाई सोको सक्कल भौचर संलग्न गरी वा नगदै बुझी ऐनको दफा ८ को उपदफा (४) मा उल्लेखित विवरण तथा  व्यवसाय प्रारम्भ गर्नुपर्ने अवधि तोकी शर्त समावेश भएको अनुसूची-७ बमोजिमको ढाँचामा दरखास्तवालालाई अनुमतिको प्रमाणपत्र दिनुपर्नेछ।

९. <u>फर्मलेव्यवसाय प्रारम्भ गरेको जानकारी दिनुपर्ने</u>: (१) नियम ६ तथा नियम ८ बमोजिम प्रदान गरिएको प्रमाणपत्रमा तोकिएको अवधिभित्रमा कुनै पनि फर्मले आफ्नो व्यापार कारोबार प्रारम्भ गर्न नसक्ने भएमा दर्ता प्रमाणपत्रमा उल्लिखित अवधि समाप्त हुनु अगावै कारण सहित उक्त अवधि वढाउन एक सय रुपैयाँ दरखास्त दस्तुर सहित सम्वन्धित निकायमा अनुसूची-८ बमोजिमको ढाँचामा दरखास्त दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम पेश गरेको कारण मुनासिव लागेमा सम्वन्धित निकायले वढीमा छ महिनाको लागि व्यवसाय प्रारम्भ गर्ने अवधि बढाउन सक्नेछ ।

तर दुई पटक भन्दा बढी व्यवसाय प्रारम्भ गर्ने अवधि थप गरिने छैन ।

१०. <u>प्रतिलिपिको लागि दरखास्त दिनुपर्ने</u>:(१) ऐनको दफा ११ बमोजिमफर्म दर्ताको प्रमाणपत्र हराएमा, नष्ट भएमा वा अन्य कुनै कारणबाट काम नलाग्ने भएमा प्रतिलिपि पाउनको लागि विवरण खुलाई देहायका कागजात संलग्न गरी एकसय रुपैयाँ दरखास्त दस्तुर सहित सम्वन्धित निकाय समक्ष फर्म धनी स्वयं वा निजको आधिकारिक प्रतिनिधि उपस्थित भईअनुसूची-९ बमोजिमको ढाँचामा दरखास्तदिनुपर्नेछः-

(क) निजी फर्म भए नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(ख) साझेदारी फर्म भए साझेदारले गरेको निर्णयको प्रतिलिपि,

(ग) साझेदारी फर्म भए सम्वन्धित स्थानीय तहको सिफारिस,

(घ) पासपोर्ट साईजको तीन प्रति फोटो र

(ङ) सम्वन्धित निकायले तोकिदिएको अन्य कुनै कागजात।

(२) उपनियम (१) बमोजिम सम्वन्धित निकाय समक्ष परेको दरखास्तको ब्यहोरा मुनासिब देखेमा सम्वन्धित निकायले प्रतिलिपि वापत तीन सय रुपैयाँ दस्तुर लिई दरखास्तवालाई फर्म दर्ताको प्रमाणपत्रको प्रतिलिपिदिनेछ ।

११. <u>नवीकरण सम्वन्धी व्यवस्थाः</u>(१)ऐन तथा यस नियमावली बमोजिम दर्ता भएका वा नवीकरण भएकाफर्मको तीन वर्षे अवधि समाप्त भएमा ऐनको दफा १३ को उपदफा (२) मा तोकिएको अवधिभित्र एकसय रुपैयाँ दरखास्त दस्तुर सहित अनुसूची-१० बमोजिमको ढाँचामा नवीकरणको लागि सम्वन्धित निकायमा दरखास्त दिनुपर्नेछः-

(२) उपनियम (१) बमोजिम दरखास्त दिदाँ ऐनको दफा १३ को उपदफा (३) मा उल्लेख भएको कागजातको अतिरिक्त देहायका कागजात संलग्न गर्नु पर्नेछः

(क) फर्म दर्ताको सक्कल प्रमाणपत्र,
(ख) आन्तरिक राजस्व कार्यालयमा वुझाएको आय ब्ययको विवरण,
(ग) पछिल्लोआर्थिक बर्षको कर चुक्ता प्रमाणपत्र,
(घ) आयकर (स्थायी लेखा नम्बर) दर्ता प्रमाणपत्रको प्रतिलिपि,
(ङ) साझेदारी फर्मको हकमा साझेदारले नवीकरण गर्न गरेको निर्णयको प्रमाणित प्रतिलिपि र
(च) पचास लाख रुपैयाँ भन्दा बढी अधिकृत पूँजी भएको फर्मको हकमा लेखा परीक्षण प्रतिवेदन ।

(३) ऐनको दफा १३ को उपदफा (२) बमोजिमको अवधि भित्र फर्म नवीकरण गराउन नसकेको फर्मले फर्म नवीकरण गराउन नसकेको मुनासिव कारण देखाई नवीकरणको लागि दरखास्त दिएमा र त्यसरी दिएको दरखास्त जाँचबुझ गर्दा मुनासिव देखिएमा सम्वन्धित निकायले देहाय बमोजिमको थप नवीकरण दस्तुर लिई फर्म नवीकरण गर्नुपर्नेछः

(क) तीन महिना भित्र नवीकरण नगराएमा पहिलो वर्षको लागिऐनको अनुसूची-१ मा तोकिएको नवीकरण दस्तुरको पच्चिश प्रतिशतले हुन आउने रकम,
(ख) खण्ड (क) मा उल्लिखित अवधि समाप्त भएको दिनदेखि दोस्रो वर्ष सम्मको लागि ऐनको अनुसूची-१ मा तोकिएको नवीकरण दस्तुरको पचास प्रतिशतले हुन आउने रकम,
(ग) खण्ड (ख) मा उल्लिखित अवधि समाप्त भएको दिनदेखि तेस्रो बर्ष सम्मको लागि ऐनको अनुसूची-१ मा तोकिएको नवीकरण दस्तुरको शत् प्रतिशतले हुन आउने रकम,

(४)उपनियम (३) बमोजिमको म्यादभित्र पनि फर्मले नवीकरण गराउन दरखास्त नदिएमा त्यस्तो फर्म स्वतः खारेज हुनेछ र त्यसरी खारेज भएको फर्मले तिर्न बुझाउनु पर्ने रकम सरकारी बाँकी सरह असुल उपर गर्नु पर्नेछ ।

१२. <u>नवीकरण सम्वन्धी विशेष व्यवस्थाः</u>(१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम खारेजीमा नपरेका साझेदारी फर्मले फर्म नवीकरण गराउन नसकेकोसाझेदारी फर्मले यो नियमावली लागू भएको मितिले छमहिना भित्रमा नवीकरण गराउनको लागि दरखास्त दिएमा र त्यस्तो दरखास्त जाँचबुझ गर्दा कारण मनासिब देखिएमा सम्वन्धित निकायले नवीकरण अवधि तीन बर्ष मानी ऐनको अनुसूची-१ बमोजिम प्रत्येक नवीकरण अवधिको लागि लाग्ने नवीकरण दस्तुरको तेब्बर दस्तुर र देहाय बमोजिमको जरिवाना समेत लिई दरखास्त परेको मितिले तीन दिनभित्र त्यस्तो साझेदारी फर्म नवीकरण गरि दिनु पर्नेछः

(क) बीस लाख रुपैयाँसम्म पूँजी भएको साझेदारी फर्मबाट प्रत्येक वर्षका लागि दुई हजार पाँच सय रुपैयाँका दरले,

(ख) बीस लाख रुपैयाँभन्दा बढी पूँजी भएको साझेदारी फर्मबाट प्रत्येक बर्षका लागि पाँच हजार पाँच सय रुपैयाँका दरले ।

(२) उपनियम (१) बमोजिमको म्यादभित्र पनि फर्म नवीकरण गराउन दरखास्त नदिएमा त्यस्तो साझेदारी फर्म स्वतः खारेज हुनेछर त्यसरी खारेज भएको फर्मले तिर्न बुझाउन पर्ने रकम सरकारी बाँकी सरह असुल उपर गर्नु पर्नेछ ।

१३. <u>विवरण हेरफेर गर्न अनुमति लिनुपर्नेः</u>(१) ऐन बमोजिम स्थापित वा अभिलेखीकरण भएका फर्मले सम्वन्धित निकाय समक्ष दिएको विवरणमा (नाम, ठेगाना, उद्देश्य थपघट, कारोबार परिवर्तन, पूँजी थपघट) कुनै हेरफेर गर्नु परेमा देहायका कागजात सहित एकसय रुपैयाँ दरखास्त दस्तुर संलग्न गरी अनुसूची-११ बमोजिमको ढाँचामा सम्वन्धित निकायमा दरखास्त दिनुपर्नेछः

(क) फर्म दर्ताको सक्कल प्रमाणपत्र,

(ख) विवरण हेरफेर गर्ने भए हेरफेर भएको वा गर्ने कुरालाई पुष्टि गर्ने कागजात,

(ग) अनुसूची-१२ बमोजिमको तुलनात्मक विवरण सहितको व्यवसायिक योजना

(घ) सम्वन्धित स्थानीय तहको सक्कल सिफारिस पत्र,

(ङ) साझेदारी फर्म भए साझेदारले गरेको निर्णयको प्रमाणित प्रतिलिपि,

(च) अघिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन (पचास लाख वा सो भन्दा बढी पूँजी भएको हकमा) र

(छ) अघिल्लो आर्थिक बर्षमा आन्तरिक राजस्व कार्यालयबाट प्राप्त कर चुक्ता प्रमाणपत्र।

(२) उपनियम (१) बमोजिम नाम (स्वामित्व हस्तान्तरण वाहेक), ठेगाना, उद्देश्य थपघट, कारोबार परिवर्तन गर्नका लागिसम्वन्धित निकायमा दरखास्त प्राप्त भएमा पाँचसय रुपैयाँ दस्तुर लिई सम्वन्धित निकायले हेरफेर गरिएको विवरण आफ्नो अभिलेखमा अद्यावधिक गर्नुपर्नेछ।

(३) उपनियम (१) बमोजिम फर्मको पूँजी थपघट गर्नु पर्ने भएमा फर्मको हालको पूँजी अनुसार लाग्ने दस्तुरमा साविकको पूँजी अनुसार बुझाएको दस्तुर कट्टा गरी बाँकी हुन आउने दस्तुर बुझाउनु पर्नेछ ।

(४) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मनि ट्रान्सफरको कारोबार थप गर्दा पूँजी अनुसार र मनि ट्रान्सफरमा अन्य कारोबार थप गर्दा नयाँ दर्ता सरह दस्तुर लाग्नेछ।

(५) ऐन तथा यस नियमावली बमोजिम दर्ता भएको फर्मको अवधि कम्तिमा एक वर्ष पूरा नभई कारोबार थपघट वा पूँजी थपघट गरिने छैन ।

१४. <u>स्थानान्तरणको लागि स्वीकृति लिनुपर्ने</u>:(१) ऐन बमोजिम स्थापित वा अभिलेखीकरण भएका फर्मलाई प्रदेश भित्रको एक स्थानीय तहबाट अर्को स्थानीय तहमा स्थानान्तरण गर्नु परेमा देहायका कागजात सहित एकसय रुपैयाँ दरखास्त दस्तुर संलग्न गरी अनुसूची-१३ बमोजिमको ढाँचामा सम्वन्धित निकायमा दरखास्त दिनु पर्नेछः

(क) स्थानान्तरणका लागि स्थानान्तरण भई जाने स्थानीय तहको सक्कल सिफारिस,

(ख) साझेदारी फर्म भए स्थानान्तरणको लागि साझेदारले गरेको निर्णयको प्रमाणित प्रतिलिपि,

(ग)स्थानान्तरण हुने सम्वन्धित वडाको सर्जमिन मुचुल्का,

(घ) जग्गाधनी पूर्जा (घर तथा जग्गा आफ्नो नाममा नभई एकाघरको भएमा मञ्जुरीनामा, एकाघर बाहिरको भएमा घरभाडाको सम्झौता र मालपोत तिरो तिरेको रसिद,

(ङ) पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन र

(च) पछिल्लो आ.व.को कर चुक्ता प्रमाणपत्र ।

(२) उपनियम (१) बमोजिम सम्वन्धित निकायमा दरखास्त प्राप्त भएमा पाँचसय रुपैयाँ दस्तुर लिई सम्वन्धित निकायले स्थानान्तरण भएको व्यहोरा आफ्नो अभिलेखमा अद्यावधिक गर्नु पर्नेछ ।

तर अन्य प्रदेशबाट यस प्रदेशमा स्थानान्तरण भई आउने फर्मलाई नयाँ फर्म दर्ता सरह मानी फर्म दर्ताका लागि तोकिएको दस्तुर लिई प्रमाणपत्र समेत दिनु पर्नेछ ।

(३) फर्मलाई एक प्रदेशबाट अर्को प्रदेशमा स्थानान्तरण गर्नु परेमा सिफारिसका लागि एकसय रुपैयाँ सहित सम्वन्धित निकायमा दरखास्त दिनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम दरखास्त प्राप्त भएमा मन्त्रालय बाहेकका अन्य निकायले मन्त्रालयको अनुमति लिनु पर्नेछ ।

(५) स्थानान्तरण सम्वन्धी अन्य प्रकृया सम्वन्धित प्रदेशको प्रचलित कानून बमोजिम हुनेछ ।

१५. <u>इकाई वा सम्पर्क कार्यालय खोल्न स्वीकृति लिनुपर्नेः</u>(१)कुनै फर्मले ऐन तथा यस नियमावली बमोजिम आफ्नो इकाई वा सम्पर्क कार्यालय खोल्न सक्नेछन् । त्यसरीइकाई वा सम्पर्क कार्यालय खोलीव्यावसायिक कारोबार गर्नका लागि वा एकभन्दा बढी स्थानीय तहमाव्यावसायिक कारोबार गर्नका लागि समेत अनुमति लिनु पर्नेछ ।

(२)उपनियम (१) बमोजिम इकाई वा सम्पर्क कार्यालय खोल्न देहायका कागजात सहित एकसय रुपैयाँ दरखास्त दस्तुर संलग्न गरी अनुसूची-१४ बमोजिमको ढाँचामा सम्वन्धित निकायमा दरखास्त दिनु पर्नेछः-

(क) इकाई वा सम्पर्क कार्यालयले गर्ने कार्यको विस्तृत विवरण,

(ख) इकाई वा सम्पर्क कार्यालय रहने स्थानको ठेगाना,

(ग) इकाई वा सम्पर्क कार्यालय रहने स्थानको स्थानीय तहको सक्कल सिफारिस,

(घ) जग्गाधनी पूर्जा (जग्गा आफ्नो नाममा नभई एकाघरको भएमा मञ्जुरीनामा, एकाघर बाहिरको भएमा घरभाडाको सम्झौता र मालपोत तिरो तिरेको रसिद),

(ङ) इकाई भए इकाईले सम्पादन गर्ने अधिकतम् पूँजी,

(च) वार्षिक प्रतिवेदन समयमै बुझाएको प्रमाण,

(छ) पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन र

(ज) पछिल्लो आर्थिक वर्षको आन्तरिक राजस्व कार्यालयबाट प्राप्त कर चुक्ता प्रमाणपत्र ।

(३) उपनियम (२) बमोजिम सम्वन्धित निकायमा दरखास्त प्राप्त भएमा जाँचबुझ गरी मुनासिव देखिएमा पाँचसय रुपैयाँ दस्तुर लिई सम्वन्धित निकायले सम्पर्क कार्यालय वा इकाई स्थापनाको अनुमति दिईत्यस्तो व्यहोरा आफ्नो अभिलेखमा अद्यावधिक गर्नु पर्नेछ ।

(४) इकाई स्थापनाको लागि दिइने प्रमाण पत्रको ढाँचा अनुसूची-१५ बमोजिम हुनेछ ।

(५) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि इकाईमा फर्मले लगानी गर्ने पूँजी कूल पूँजीको चालिस प्रतिशत भन्दा बढी राख्न पाइने छैन ।

१६. <u>जानकारी दिनु पर्नेः</u>(१) सम्वन्धित स्थानीय तहबाट गरिएको नियम १३, १४ र १५ बमोजिमको विवरण हेरफेर, इकाई वा सम्पर्क कार्यालय विस्तार र स्थानान्तरणको जानकारी सम्वन्धित स्थानीय तहले घरेलु तथा साना उद्योग कार्यालयमादिनु पर्नेछ ।

(२) नियम १३ बमोजिम विवरणमा गरिएको हेरफेरको जानकारी सम्वन्धित निकायले आन्तरिक राजस्व कार्यालयलाई समेत दिनु पर्नेछ ।

## परिच्छेद -३
## साझेदारीको हिसाव किताव फछ्र्यौट सम्वन्धी व्यवस्था

१७. **फर्मको हिसाब कितावको फछ्र्यौटः**ऐनको दफा २० बमोजिम भएको सम्झौता र दफा ३२ को उपदफा (१) को अधिनमा रही बिघटन भएका फर्मको हिसाब फछ्र्यौट गर्दा देहाय बमोजिम हुनेछः-

(क) फर्मको हितमा बाधा नपर्ने गरी फर्मको जायजेथाको नगदमा परिणत गर्ने,

(ख) पूँजी घटेको समेतको नोक्सानी सबभन्दा पहिले मुनाफाबाट र त्यसबाट नपुगे पूँजीबाट र त्यसबाट पनि नपुगे प्रत्येक साझेदारका घर घरानाबाट भर्ना गर्नु पर्नेछ ।

(ग) पूँजीको कमी पूर्ति गर्न फर्मको जेथा देहायका क्रम र तरिकाबाट उपयोग गर्नुपर्छः

(१) फर्मले साझेदार वाहेकका व्यक्तिहरुलाई तिर्नुपर्ने ऋण,

(२) पूँजी बाहेकको साझेदारले दिएका थप कर्जाको दामासाहीले,

(३) साझेदारले बुझाएका पूँजीको दामासाही, र

(४) शेष बाँकी जेथाबाट साझेदारहरुको भाग हिस्सा बमोजिम मुनाफा बाँड्नमा ।

१८. **लिक्विडेटर सम्वन्धी व्यवस्थाः**(१) ऐनको दफा ३६ बमोजिम लिक्विडेटर नियुक्ति गर्दा मन्त्रालयले सम्झौता गर्नु पर्नेछ र सम्झौता बमोजिम लिक्विडेटरले आफ्नो कार्य प्रारम्भ गरेपछि फर्मको सम्पत्ति, लेखा र सम्पूर्ण अभिलेख तथा कागजात आफ्नो जिम्मा तथा नियन्त्रणमा लिनु पर्नेछ ।

(२) लिक्विडेटरले प्रचलित कानूनको अधिनमा रही फर्मको हिसाव किताबको फछ्र्यौट र फर्मको विघटनको कार्य गर्नु पर्नेछ ।

(३) ऐन तथा यस नियमावली बमोजिम नियुक्त लिक्विडेटरले नियुक्ति गर्दाका बखत तोकिएको अवधिमा आफ्नो कार्य सम्पन्न गर्नु पर्नेछ ।

तर, कारणबस निर्धारित समयभित्र काम सम्पन्न हुन नसकेमा नियुक्ति गर्दाको प्रक्रिया अबलम्बन गरी मनासिव म्याद थप गर्न सकिनेछ ।

(४) ऐन तथा यस नियमावली बमोजिम नियुक्त गरिएको लिक्विडेटरले फर्मको हित वा अन्य प्रचलित कानून विपरित कार्य गरेमाजुन प्रक्रियाबाट नियुक्त भएको हो सोही प्रक्रिया अपनाई मन्त्रालयले निजलाई हटाउनु पर्नेछ ।

तर, त्यसरी हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

(५) एक व्यक्ति एकै समयमा एक भन्दा बढी फर्मको लिक्विडेटर हुन सक्ने छैन ।

(६) ऐन तथा यस नियमावली बमोजिम नियुक्त हुने लिक्विडेटरहरुको पारिश्रमिक सम्झौता बमोजिम हुनेछ र उक्त पारिश्रमिकफर्मबाट भुक्तानी गर्नु पर्नेछ ।

## परिच्छेद-४
## विविध

१९. **फर्मको नामसारी सम्वन्धी व्यवस्थाः**(१) ऐन तथा यस नियमावली बमोजिम दर्ता वा अभिलेखीकरण भई सञ्चालनमा रहेको साझेदारी फर्म बाहेककाफर्म धनीले फर्म विक्री गर्न वा अन्य कारणले अन्य व्यक्तिको नाममा नामसारी गर्न चाहेमा देहायको कागजात संलग्न गरी दखास्त दस्तुर बापत एकसय रुपैयाँ संलग्न गरी अनुसूची-१६ बमोजिमको ढाँचामा सम्वन्धित निकाय समक्ष दरखास्त दिनु पर्नेछः-

(क) फर्मको सक्कल प्रमाणपत्र,

(ख) आयकर प्रमाणपत्र (स्थायी लेखा नम्बर) को प्रतिलिपि,

(ग) फर्म लिने र दिने दुवैको पासपोर्ट साइजको तीन प्रति फोटो,

(घ) फर्म लिने र दिने दुवैको सक्कल नागरिकता,

(ङ) नामसारी पत्रमा सनाखत गर्न स्वयं उपस्थित हुन नसकेको अवस्थामा अधिकृत वारेसनामा,

(च) सम्वन्धित राजस्व कार्यालयको राय, प्रतिकृया र

(छ) पछिल्लो आर्थिक बर्षको कर तिरेको निस्सा ।

(२) उपनियम (१) बमोजिम नामसारीका लागि दरखास्त दिदा फर्म लिने दिने दुवै व्यक्ति स्वयं उपस्थित हुनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम सम्वन्धित निकायमा दरखास्त प्राप्त भएमा जाँचबुझ गरी सम्वन्धित निकायले नामसारी गर्न सक्नेछ र त्यसरी नामसारी गर्दा पूँजी अनुसार नयाँ दर्तामा लाग्ने सरहको दस्तुर लाग्नेछ ।

(४) निजी फर्मको प्रोप्राइटरको मृत्यू भई फर्मको नामसारी गर्नुपर्ने भएमावा साझेदारी फर्मको कुनै साझेदारको मृत्यू भई साझेदारको नामसारी गर्नु परेमा त्यस्तो फर्म धनी वा साझेदारको

शेषपछिको नजिकका अंशियारले आपसी मन्जुरीको कागज, सक्कल नागरिकता, नाता प्रमाणपत्र, मृत्यूदर्ता प्रमाणपत्र र अन्य आवश्यक कागजपत्र सहित सोही ब्यहोरा जनाई एकसय रुपैयाँ दरखास्त दस्तुर सहित सम्वन्धित निकायमा दरखास्त दिनु पर्नेछ।

(५) उपनियम (४) बमोजिम दरखास्त प्राप्त भएमा सम्वन्धित निकायले सवैको सनाखत गराई नामसारी गरिदिनु पर्नेछ र त्यसरी नामसारी गर्दा कुनै पनि प्रकारकोदस्तुर लिन पाइने छैन।

(६) नामसारीको लागि दरखास्त दिने अंशियारवीच तेरोमेरो भई विवाद देखिएमा राष्ट्रियस्तरको दैनिक पत्रिकामा हकदावी सम्वन्धी पैतिस दिने सूचना प्रकाशन गर्न लगाई प्रचलित कानून बमोजिम आवश्यक कारवाही गरिनेछ ।

२०. <u>कम्पनीले अनुमति लिनुपर्ने</u>:कम्पनी सम्वन्धी प्रचलित कानून बमोजिम कम्पनीमा दर्ता भएका कम्पनीले यस नियम बमोजिम उद्देश्य अनुसारको व्यवसाय सञ्चालन अनुमतिका लागि दरखास्त दिएमा सम्वन्धित निकायले पाँचसय रुपैयाँ दस्तुर लिई अनुमति दिन सक्नेछ।

२१. <u>व्यवसायीलाई सहुलियत</u>:(१) ऐन तथा यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि महिला र दलित समुदायका व्यक्तिलाई दश लाख रुपैयाँसम्म अधिकृत पूँजी भएकोफर्म भएफर्म दर्ता गर्न तोकिएको दस्तुरमा पचास प्रतिशत र दश लाख रुपैयाँ देखिबीस लाख रुपैयाँसम्म अधिकृत पूँजी भएको फर्म भएदशप्रतिशत छुट हुनेछ ।

(२) यस नियम बमोजिमको सहुलियत लिन चाहने दलित समुदायले नेपाल सरकारको सम्वन्धित निकायबाट जारी गरेको दलित समुदाय पहिचानको प्रमाणपत्रको प्रतिलिपि अनिवार्य पेश गरेको हुनुपर्नेछ ।

२२. <u>क्षतिपूर्ति दिनुपर्ने</u>:(१) ऐन तथा यस नियमावली बमोजिम स्थापित फर्मको कारोबारबाट कुनै पनि व्यक्तिले क्षति भएको भनी प्रमाण सहित मन्त्रालयमा दरखास्त दिएमा मन्त्रालयले सोको जाँचवुझ गर्न दरखास्त परेको मितिले सात दिन भित्रमा एक जाँचबुझ समिति गठन गर्नेछ ।

(२) उपनियम (१) बमोजिम गठित समितिले एक महिना भित्रमा जाँचबुझ गरी क्षति भएको विवरण संकलन गरी मन्त्रालयमा सिफारिस गर्नेछ ।

(३) उपनियम (२) बमोजिम भएको सिफारिसका आधारमा मन्त्रालयले क्षतिपूर्ति भराउन निर्देशात्मक आदेश जारी गर्नेछ र सोको क्षतिपूर्ति भराइदिने जिम्मेवारी सम्वन्धित फर्मको हुनेछ ।

२३. <u>अभिलेखीकरण सम्बन्धी व्यवस्था</u>:ऐनको दफा १२ बमोजिम अभिलेखीकरण भएका फर्म नवीकरण भएको मानिने छैन ।

२४. **खारेज गर्दा दस्तुर तथा जरिवाना असूल गर्ने:**(१) फर्म खारेज गरिपाउँ भनी कुनै फर्मले मुनासिव कारण दर्शाई सम्वन्धित निकायमा दरखास्त दिन चाहेमा देहायका कागजात संलग्न गरी एकसय रुपैयाँ दस्तुर सहित अनुसूची-१७ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछः-

(क) फर्म दर्ताको सक्कल प्रमाणपत्र,

(ख) स्थायी लेखा नं. दर्ताको प्रमाणपत्रको प्रतिलिपि र

(ग) अघिल्लो आर्थिक बर्षको कर तिरेको निस्सा/प्रमाण ।

(२)उपनियम (१) बमोजिम दरखास्त प्राप्त भएमा सम्वन्धित निकायले त्यस्तो फर्मलाई अघिल्लो आर्थिक वर्ष सम्मको कर तिरेको प्रमाण पेश गर्न लगाई त्यस्तो फर्मले तिर्न वुझाउन बाँकी रहेको यस ऐन तथा नियमावली बमोजिम लाग्ने नवीकरण दस्तुर तथा नियम १२ बमोजिमको जरिवाना समेत असूल गरी फर्म खारेज गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम खारेजीको लागि दरखास्त दिन चाहने फर्मको अवधि दर्ता भएको मितिले कम्तिमा तीन बर्ष पूरा भएको हुनु पर्नेछ ।

२५. **पुनरावेदन सम्वन्धी प्रकृया:**(१) सम्वन्धित अधिकारी वा निकायले गरेको निर्णय उपर मन्त्रालयमा उजुरी गर्दा एक सय रुपैयाँ दरखास्त दस्तुर सहित अनुसूची-१८ बमोजिमको ढाँचामा उजुरी दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम दिने पुनरावेदनमा अन्य कुराको अतिरिक्त पुनरावेदक र प्रत्यर्थीको पूरा नाम र ठेगाना, सम्पादित कार्यको संक्षिप्त विवरण, सम्वन्धित अधिकारी वा निकायको निर्णयमा चित्त नबुझेको कुरा र त्यसको आधार, मन्त्रालयबाट निर्णय हुनुपर्ने कुरा उल्लेख गरी सहिछाप गर्नु पर्नेछ ।

(३) पुनरावेदकले मन्त्रालयमा उजुरी गर्दा पेश गरेको कागजात जाँचबुझ गर्दा थप कागजात माग गर्नु पर्ने अवस्था भएमा त्यस्तो कागजात संलग्न गर्न सम्वन्धित पुनरावेदकलाई आदेश दिन सक्नेछ ।

(४) मन्त्रालयले निर्णय गर्नुअघि सम्वन्धित अधिकारी वा निकायसँग लिखित स्पष्टिकरण माग गर्न सक्नेछ ।

२६. **स्थानीय तहले फर्म दर्ता गर्ने प्रकृया:**(१) ऐनको दफा ४२ बमोजिम स्थानीय तहमा दर्ता हुने फर्मको दर्ता प्रकृया सम्वन्धित स्थानीय तहको कानून बमोजिम हुनेछ।

(२) सम्वन्धित स्थानीय तहले उपनियम (१) बमोजिम स्थानीय तहमा दर्ता भएको फर्मको अभिलेख मासिक रुपमा सम्वन्धित जिल्लाको घरेलु तथा साना उद्योग कार्यालयमा नियमित रुपमा पठाउनु पर्नेछ ।

२७. **<u>अनुसूचीमा थपघट वा हेरफेर गर्न सक्ने:</u>**मन्त्रालयले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी आवश्यकता अनुसार अनुसूचीमा हेरफेर गर्न सक्नेछ ।

२८. **<u>मन्त्रालयले निर्देशन दिन सक्ने:</u>**मन्त्रालयले ऐन तथा यस नियमावलीमा भएको व्यवस्थालाई प्रभावकारी, व्यवस्थित, पारदर्शी वनाउन आवश्यक निर्देशन दिन सक्नेछ । त्यस्तो निर्देशनको पालना गर्नु सम्वन्धित सवैको कर्तब्य हुनेछ।

## अनुसूची-१
(नियम ४ को उपनियम (१) सँग सम्वन्धित)

**फर्म दर्ताको निमित्त दिने दरखास्तको ढाँचा**

श्रीमान् कार्यालय प्रमुख ज्यू
.............................
...................

महोदय,

मैले/हामीहरुले तल लेखिए बमोजिम उद्योग, व्यापार, व्यवसाय गर्न निम्न लिखित नामको निजी/साझेदारी फर्म मेरो/हाम्रो नाममा दर्ता गराउन इच्छुक भएकोले/मञ्जुरी भएकोले मञ्जुरीको कागजात समेत सामेल राखी/ यो निवेदन पत्र पेश गरेको छु/गरेका छौं । लेखिएको ब्यहोरामा कुनै कुरा झुठ्ठा ठहरे प्रचलित कानून बमोजिम सहुँला बुझाउँला ।

१. फर्मको पूरा नामः-
२. फर्मको पूरा ठेगानाः-
३. उद्देश्यः-
४. पूँजीः-
५. हिस्साको अंकः- (साझेदार फर्मको हकमा)
६. तीन पुस्ते नाम, थर र वतनः-
७. कारोवार गर्ने वस्तु तथा सेवाको विवरण

दरखास्तवाला (दरखास्तवालाहरु) को लेखात्मक र रेखात्मक दुवै औठाको सहिछाप

| | दा. | वा. |
|---|---|---|
| १. | | |
| २. | | |

इति सम्वत् ............. साल .......... गते रोज .......... शुभम् ।

## अनुसूची-२

(नियम ४ को उपनियम (२) को खण्ड (ख) र उपनियम (३) को खण्ड (ख) सँग सम्वन्धित)

**कबुलियतनामाको ढाँचा**

लिखितम् /...................... को नाती .............................. को छोरा ............................ बस्ने बर्ष ........................... को ................. आगे ............................ को नामले निजी फर्म/साझेदारी दर्ता गर्न मैले/हामीहरुले त्यस .............................. कार्यालयमा दरखास्त दिएकोमा उक्त फर्म दर्ता सम्वन्धमा प्रचलित ऐन, कानून र तलका शर्त समेत पालना गरी काम गर्नेछु/गर्नेछौं । सो पालना गर्ने कुरामा कबुलियत समेत गर्न तपाई/हरुको मञ्जुर छ/छैन भनी .......... कार्यालयबाट सोधनी भएकोमा मेरो/हाम्रो चित्त बुझ्यो । यसमा प्रचलित ऐन, कानून र तपसीलमा लेखिएका शर्त उल्लङ्घन गरेको देखिएमा प्रचलित ऐन, कानून बमोजिम सहुँला बुझाउँला भनी मेरो/हाम्रो मनोमानी राजी खुशीसँग यो कबुलियतनामाको कागज लेखी ............................ कार्यालयमा चढाएँ/चढायौं ।

**तपसील**

१. यो ............................ नामको फर्म दर्ता हुनु भन्दा पहिले अरु कसैले यो फर्मको नामसँग मिल्ने गरी फर्म दर्ता गरिसकेको भए सोको सूचना पाउनासाथ तुरुन्तै यो फर्म खारेज गरी अर्को नाम राखी फर्म दर्ता गर्न आउने छु । सूचनामा उल्लेखित म्यादभित्र नआएको कारणले फर्मलाई स्वतः खारेज गरिएमा पछि कुनै दाबी गर्नेछैन ।

२. ऐनको दफा १७ बमोजिम मेरो फर्म खारेज भएमा वा नियमावलीमा भएको व्यवस्था बमोजिम स्वतः खारेज हुने अवस्था आएमा कुनै दावी गर्नेछैन र तिर्न बुझाउन पर्ने बाँकी रकम सबै बुझाउनेछु ।

३. यो फर्मको साइनबोर्ड राख्नु पर्दा ठूलो नेपाली अक्षरबाट लेखी सोको मुनीतिर सुविधाको निमित्त सानो अंग्रेजी अक्षरमा लेख्नेछु ।

४. यस फर्ममा विदेशी नागरिकलाई कर्मचारीको रुपमा नियुक्ति गर्नु परेमा आवश्यक स्वीकृति प्राप्त गरेर मात्र गर्नेछू ।

५. यस भन्दा अगाडि मेरो नाउँमा अरु कुनै फर्म दर्ता गरी राखेको छैन । यस भन्दा अगाडि मेरो नाउँमा ....................... मा ................बाट ............... नामको फर्म दर्ता गरी राखेकोमा हाल सो फर्म खारेज भई कानून बमोजिम पूनः अर्को दर्ता गर्न मिल्ने भएबाट यो फर्म दर्ता गर्न ल्याएको छु ।

**दस्तखतः**

**फर्म धनीको नामः**

इति सम्बत् २०.......... साल ....................... महिना ............ गते रोज ...... शुभम् ।

**नोटः** साझेदारी फर्मको हकमा साझेदारहरुले कबुलियतनामामा हस्ताक्षर गर्ने व्यक्ति तोकी गरेको निर्णयको प्रतिलिपी संलग्न गर्नु पर्नेछ ।

## अनुसूची-३

(नियम ४ को उपनियम (२) को खण्ड (ग) र उपनियम (३) को खण्ड (ङ) सँग सम्वन्धित)

## व्यवसायिक योजनाको ढाँचा

### क) बाहिरी पृष्ठ

..........................................(उद्देश्य उल्लेख गर्ने)........ गर्ने उद्योगको
परियोजना विवरण

उद्योग स्थापना हुने स्थानः
प्रदेश नं. १, ............. जिल्ला, ..................... महा/उपमहा/नगरपालिका/गाउँपालिका, वडा नं. ..., ....(टोल)...

पेश गरेको निकायः
घरेलु तथा साना उद्योग कार्यालय, ......../ उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
........(ठेगाना उल्लेख गर्ने).......

प्रस्तावकः
............... (प्रोपाइटर, साझेदार, संस्था वा कम्पनीको नाम उल्लेख गर्ने) ......
.......... (स्थायी ठेगाना/रजिष्टर्ड कार्यालय/मुख्य कार्यालयको ठेगाना उल्लेख गर्ने).....

### ख) परियोजनाको सारसङ्क्षेप

१. परियोजनाको नामः (फर्म/कम्पनीको नाम उल्लेख गर्ने)
   प्रवर्द्धकः (प्रोपाइटर, साझेदार, संस्था वा कम्पनीको नाम उल्लेख गर्ने)
   *कम्पनीको पुँजीः (कम्पनीको हकमा मात्र लागू हुने)
   *अधिकृत पुँजीः
   *जारी पुँजीः
   *चुक्ता पुँजीः

२. ठेगाना
   क) रजिष्टर्ड कार्यालय/मुख्य कार्यालयः (पूरा ठेगाना उल्लेख गर्ने)
   ख) उद्योगस्थलः (प्रस्तावित उद्योग रहने पूरा ठेगाना उल्लेख गर्ने)

३. परियोजनाको उद्देश्यः

४. उत्पादन तथा वार्षिक उत्पादन क्षमता (उत्पादनमूलक, कृषि तथा वन पैदावारमा आधारित र खनिज उद्योगको हकमा)

सेवा विवरण तथा वार्षिक/जडित क्षमता (अन्य प्रकृतिका उद्योगको हकमा)
(नोटः प्रत्येक उत्पादन/सेवाको नाम र क्षमता अलग अलग उल्लेख गर्ने)

५. उद्योगको अधिकृत (जम्मा) पुंजी (रू) .....................................
स्थिर पुँजी लगानी (रू) ...........................................
चालु पुँजी लगानी (रू) ..........................................

६. बैंक तथा वित्तीय संस्थाबाट ऋण लगानी (रू) ...........................
स्थिर पुँजीमा .......................................
चालु पुँजीमा .........................................

७. स्वलगानी (रू) ...................................
स्थिर पुँजीमा ....................................
चालु पुँजीमा ...................................

८. कूल बिक्री आय (रू) ..................

९. खुद बिक्री आय (बिक्री खर्च कटाएर) (रू) ...............

१०. खुद वार्षिक नाफा (रू) कर बाहेक .....................

